# गल्छी गाउँपालिकाको सट्टा शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

*गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।१०।०५*

प्रस्तावना,

गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षक सुत्केरी बिदामा बस्दा उक्त विद्यालयको शिक्षण सिकाइमा असर पर्ने देखिएकोले उक्त विदा अवधिभरमा वैकल्पिक शिक्षक व्यवस्थापन गरी शिक्षण सिकाइलाई सहज बनाउन वाञ्छनीय भएकोले गल्छी गाउँ कार्यपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम यो कार्यविधि जारी गरेको छ।

यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएपश्चात् लागु हुनेछ ।

## परिच्छेद १

## प्रारम्भिक

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "शिक्षक" भन्नाले स्वीकृत दरबन्दीमा स्थायी वा करार, राहत, संघ/प्रदेश/स्थानीय तहको शिक्षण सहयोग अनुदानमा कार्यरत महिला शिक्षकलाई सम्झनुपर्दछ। सो शब्दले बालविकास सहजकर्तालाई समेत जनाउँछ।

ख. "विद्यालय व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्दछ।

ग. "विद्यालय" भन्नाले गाउँपालिका भित्रका सामुदायिक विद्यालय सम्झनुपर्दछ। सो शब्दले बालविकास केन्द्र समेतलाई जनाउँछ।

घ. "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

ङ. "शाखा" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्दछ।

च. "सट्टा शिक्षक छनौट समिति" भन्नाले दफा २ बमोजिम गठित समितिलाई सम्झनुपर्दछ।

छ. "गाउँ कार्यपालिका" भन्नाले गल्छी गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ।

ज. "सट्टा शिक्षक" भन्नाले यस कार्यविधि बमोजिम नियुक्त शिक्षक सम्झनुपर्दछ।

## परिच्छेद २

## शिक्षक सम्बन्धी योग्यता र छनौट विधि

२. (१) सामुदायिक विद्यालयमा सट्टा शिक्षक छनौट तथा सिफारिस गर्न देहाय बमोजिमको सट्टा शिक्षक छनौट समिति रहनेछ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सदस्य - संयोजक

(ख) विद्यालयमा कार्यरत वरिष्ठ स्थायी शिक्षक - सदस्य

(ग) प्रधानाध्यापक -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि बरिष्ठतम स्थायी शिक्षक नभएमा अन्य प्रकृतिका बरिष्ठ शिक्षकलाई समितिमा राख्न बाधा पर्ने छैन।

(३) उपदफा (१) बमोजिम समितिको खण्ड (ख) वा (ग) बमोजिम सदस्यको पद रिक्त भएमा शाखाले अन्य शिक्षक वा कर्मचारीबाट रिक्त पदको पुर्ति गर्नेछ।

(४) छनौट समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३. सट्टा शिक्षकका लागि न्युनतम योग्यता देहाय बमोजिमको हुनुपर्नेछ।

(१) नेपाली नागरिक,

(२) प्रारम्भिक बाल विकास तहको सहजकर्ताको हकमा SEE उत्तीर्ण,

(३) आधारभूत तहको हकमा सम्बन्धित विषयमा न्युनतम प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण,

(४) माध्यमिक तह (९-१०)को हकमा सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण,

(५) माध्यमिक तह (११-१२)को हकमा सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण,

(६) उपदफा (२) र (३) को हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको तथा उपदफा (४) र (५) को हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

४. देहाय बमोजिमको व्यक्ति सट्टा शिक्षकको लागि उम्मेदवार हुन अयोग्य हुनेछ।

(१) दफा (३) बमोजिम योग्य नभएको।

(२) मगज बिग्रेको।

(३) नैतिक पतन देखि फौजदारी कसुरमा अदालतबाट कसुरदार ठहरिएको।

(४) भ्रष्ट्राचार अभियोग प्रमाणित भएको।

(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट राजस्व हिनामिना र त्यसम्बन्धी कुनै कारबाहीमा परेको।

५. कुनै शिक्षक सुत्केरी बिदामा बसेमा वा बस्नुअघि नै लिखित जानकारी गराएमा वि.व्य.स.को निर्णय सहित विद्यालयले शाखामा अनुमति माग गर्नुपर्नेछ। शाखाले जुन तहको शिक्षक सुत्केरी बिदामा बसेको हो सोही तहको सट्टा शिक्षक नियुक्त गर्नेगरी अनुमति दिनुपर्नेछ ।

६. विद्यालयले दफा ४ बमोजिम अनुमति पश्चात् कम्तीमा ७ (सात) दिनको सूचना प्रकाशन गरी दरखास्त माग गर्नुपर्नेछ।

७. (१) दफा ५ बमोजिम दरखास्त पेश गरेका उम्मेदवारहरूमध्ये छनौट समितिले सट्टा शिक्षक छनौट गर्दा देहाय बमोजिम गर्नुपर्नेछ।

क) न्युनतम शैक्षिक योग्यता बापत ५ अङ्क (प्रथम श्रेणी भए ५, द्वितीय भए ३ र तृतीय भए २ अङ्क दिने, श्रेणी नखुलेमा ३ अङ्क दिने)।

ख) तोकिएको न्युनतम भन्दा माथिल्लो शैक्षिक योग्यता बापत ३ अङ्क (प्रथम श्रेणी भए ३, द्वितीय भए २ र तृतीय भए १ अङ्क दिने, श्रेणी नखुलेमा २ अङ्क दिने)।

ग) अन्तर्वार्ता बापत २० अङ्क ।

घ) सम्बन्धित तहको शिक्षण अनुभव भए प्रतिवर्षको १ अङ्कका दरले बढीमा ५ अङ्क ।

ङ) गल्छी गाउँपालिका स्थायी बसोबास भएको उम्मेदवारलाई एकमुष्ट ५ अङ्क।

च) महिला वा दलित उम्मेदवार भए एकमुष्ट २ अङ्क।

८. (१) विद्यालय व्यवस्थापन समितिले दफा ७ बमोजिम छनौट भएको उम्मेदवारलाई बढीमा ३(तीन) महिनाको अवधि तोकी नियुक्ति दिनुपर्नेछ र प्रधानाध्यापकले निजलाई करार गरी कामकाजमा लगाउनुपर्नेछ।

(२) पदाधिकार रहेको शिक्षक विद्यालयमा हाजिर भएमा सट्टा शिक्षकको समयावधि ३ महिना पुरा नभएपनि निजलाई अवकाश दिनुपर्नेछ।

(३) सट्टा शिक्षकलाई विद्यालयमा कामकाजमा लगाउँदा विद्यालयको शैक्षिक वातावरण प्रतिकुल हुने देखिएमा विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शाखाले जुनसुकै बेला हटाउन सक्नेछ। यसरी हटाउनुअघि निजलाई स्पष्टीकरण पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन।

## परिच्छेद ३

## पारिश्रमिक तथा अन्य सुविधा

९. विद्यालयले सट्टा शिक्षक नियुक्ति भएको मितिले ३ (तीन) दिनभित्र शाखामा अभिलेखीकरण गर्नुपर्नेछ।

१०. दफा ८ बमोजिम नियुक्त सट्टा शिक्षकले देहायको पारिश्रमिक प्राप्त गर्नेछ।

(१) माध्यमिक तह (११-१२) मा कार्यरत भएमा मासिक रु. ३५,०००/-

(२) माध्यमिक तह (९-१०) मा कार्यरत भएमा मासिक रु. ३०,०००/-

(३) आधारभूत तह (६-८) मा कार्यरत भएमा मासिक रु. २०,०००/-

(४) आधारभूत तह (१-५) मा कार्यरत भएमा मासिक रु. १८,०००/-

(५) बालविकास सहजकर्ताले मासिक रु. १५,०००/-

११. (१) बिदा अधिकार नभई सहुलियत हो।

(२) सट्टा शिक्षकले मासिक १ दिन भैपरि आउने बिदा पाउनेछ र यस्तो प्रकारको बिदा सञ्चित हुनेछैन।

(३) सट्टा शिक्षकले बिदा माग गर्ने विधि अन्य शिक्षक सरहको हुनेछ।

१२. विद्यालयले त्रैमासिक रुपमा सट्टा शिक्षकको तलबभत्ता शाखामा माग गर्नुपर्नेछ। यसरी माग गर्दा सट्टा शिक्षकको प्रमाणित हाजिरी पेश गर्नुपर्नेछ।

१३. शाखाले यस कार्यविधि बमोजिम सट्टा शिक्षकको तलबभत्ता सम्बन्धित विद्यालयको खातामा भुक्तानीको लागि पेश गर्नेछ र कार्यालयले आवश्यक जाँचबुझ गरी भुक्तानी गर्नेछ।

१४. दफा १३ बमोजिम प्राप्त तलबभत्ता सट्टा शिक्षकलाई भुक्तानी दिने दायित्व विद्यालयको हुनेछ। तलबभत्ता भुक्तानी दिँदा बैङ्किङ प्रणाली मार्फत भुक्तानी दिनुपर्नेछ।

## परिच्छेद ४

## बजेट व्यवस्थापन, संशोधन र खारेजी

१५. गाउँसभाले कार्यक्रमको प्रभावकारिताको आधारमा प्रत्येक आर्थिक वर्षमा सट्टा शिक्षकका लागि आवश्यक बजेट व्यवस्थापन गर्न सक्नेछ।

१६. यो कार्यविधि जारी हुनुअघि सट्टा शिक्षक व्यवस्थापन सम्बन्धी निर्णयहरु यसै कार्यविधि बमोजिम भएको गरेको मानिनेछ।

१७. गाउँ कार्यपालिकाले यस कार्यविधिको आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा खारेजी गर्न सक्नेछ।